# साझेदार कबुलियतनामा

**यसमा हामी तपसिलका ........ जना साझेदारहरू मिली देहाय वमोजिमका शर्त बन्देजको आधारमा रहि प्रदेश व्यापार तथा व्यवसाय ऐन, २०७६ बमोजिम साझेदारीमा .................... नामक साझेदारी फर्मको स्थापना र संचालन गर्न हामी साझेदारीहरुको एक आपसमा सहमती भएकोले तपसिलमा लेखिएका शर्तहरु पालन गर्न मञ्जुर भई तपशिलका रोहवरमा यो साझेदारी कबुलियतनामा लेखी लेखात्मक तथा रेखात्मक सहीछाप गरी १/१ प्रति आफुले राखी यो साझेदारी कायम गरेका छौं ।**

<u>तपसिल</u>

**१.साझेदारी फर्मको नामः ..........................**

**२.फर्मको ठेगानाः ..................................................**

३.साझेदारहरुको नाम र थर (तीन पुस्ते)

| | **साझेदारको नामः** | **बुवाको नामः** | **बाजे/पतिको नाम** | **ठेगाना** |
|---|---|---|---|---|
| (क) | | | | |
| (ख) | | | | |

**४.फर्मको किसिमः** प्रदेश व्यापार तथा व्यवसाय ऐन, २०७६ र पछि हुने संशोधन समेतको अधिनमा रही कार्य गर्ने एक साझेदारी फर्म हुनेछ । साथै, प्रस्तुत कानूनमा कुनै द्वविधा भएमा साझेदारी सम्बन्धी थप कानूनी व्यवस्था संघीय साझेदारी ऐन, २०२० बमोजिम हुनेछ ।

**५.फर्मको उद्देश्यः** ..................................................................

**६.पुँजीको व्यवस्थाः** यस फर्ममा साझेदार श्री ..................................................ले .................................... रूपैया र श्री ............................................ले ............................................. गरी जम्मा कुल पुँजी रू ................................................।- (अक्षेरूपी .......................................................................... मात्र)राख्ने गरी सोही आधारमा कारोबार सञ्चालन गरिनेछ ।

**७.हिस्साको अंक र दायित्वः** यस फर्मको सबै साझेदारको पुँजीको अंकका आधारमा निजहरुको दायित्व कायम रहनेछ ।

**८.फर्मको प्रतिनिधित्वः** यस साझेदारी फर्मको प्रतिनिधित्व पनि साझेदारहरुको एक आपसमा सल्लाह र सहमती भए अनूसार एक वा दूबै वा सबै साझेदारहरुले गर्न सकिने छ ।

**९.बैक खाता सञ्चालनः** यस फर्मको कारोवार गर्न फर्मको नाममा बैंकमा खाता खोलिनेछ । खाता संचालन साझेदारवीचको सहमतिमा तोकिने साझेदारको नाममा एकल वा संयुक्त रुपमा राखिनेछ ।

**१०.श्रेस्ता राख्नेः** यस साझेदारी फर्मको हिसाब किताब सबै साझेदारले हेर्न सकिने गरी ऐन कानून अनूसार नेपाल भाषामा श्रेस्ता राखिनेछ ।

**११.**प्रत्येक आ.व. समाप्त भएको ३५ दिन भित्र आवश्यकतानूसार स्वीकृत प्राप्त लेखा परीक्षण गराउने छन् । फर्मको नाफा नोक्सानी रकम लगानीको आधारमा समानुपातिक रुपमा व्यहोर्नू पर्नेछ ।

**१२.आर्थिक वर्षः** श्रावण १ गते देखि सोहि आ.व. को आषाढ मसान्त सम्मको अवधिलाई यस फर्मको एक आर्थिक वर्ष मानिने छ ।

**१३.पारिश्रमिकः** साझेदारीहरु मध्ये कुनै एकले यस फर्ममा पुरा समय काम गरेमा आपसी छलफलद्वारा तय गरी उचित पारिश्रमिक दिईनेछ ।

**१४.अदलवदल वा थप घटः** यस साझेदारी फर्ममा साझेदार, उद्देश्य, पूंजी आदि जस्ता कूराहरु थप घट वा अदलवदल गर्न आवश्यक भएमा सम्बन्धित कार्यालयको स्वीकृति लिईथप घट गर्न सकिनेछ ।

**१५. छोडपत्रः** साझेदारहरु मध्ये कूनै एकले साझेदार छोडी अलग्गै बस्न चाहेमा बाँकी साझेदारको मञ्जूरी लिई सम्बन्धित कार्यालयबाट स्वीकृति प्राप्त भएपछि साझेदारी छोड्न सकिनेछ । तर आफूले छोडेका मितिसम्मको श्रेस्ताबाट नाफा नोक्सानी रकम समानूपातिक रुपले व्यहोर्नू पर्नेछ ।

**१६.विदेशी नागरिकको रोजगारीः** यस फर्ममा विदेशी नागरिकलाई समावेश गरी काममा लगाईने छैन र विदेशी नागरिकलाई काममा लगाउनू पुर्व प्रचलित कानुन बमोजिम अनुमति लिनुपर्नेछ ।

**१७. विवाद समाधानः** फर्म सञ्चालन समबन्धमा साझेदार बीच कुनै विवाद परेमा साझेदार बीचको सहमतिमा समाधान हुनेछ । समाधान हुन नसकेमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१८. अन्य विषयहरूः** यस सम्झौता पत्रमा लेखिएका कूराहरुको हकमा सोहि बमोजिम हुनेछ र यसमा लेख्न छुट भएका कूराहरुको हकमा प्रदेश व्यापार तथा व्यवसाय ऐन २०७६ र पछि हुने संशोधन सहितका अधिनमा रही हुनेछ ।

**साझेदारहरू**

(क) नाम, थर

..............................

सहि छाप

| | |
|---|---|
| | |
| दायाँ | बायाँ |

(ख) नाम, थर

...........................................

सहि छाप

| | |
|---|---|
| | |
| दायाँ | बायाँ |

**साक्षी**

नाम, थर सहीः

ईति सम्बत् २०.... साल ................. महिनाको .................गते रोज ............. शुभम् ।